# तुलसीपुर उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

**घटना दर्ता डिजिटाइजेसन गर्ने कार्य सम्वन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**दोश्रो पटक प्रकाशित मिति :२०७७/०८/१९**

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अर्न्तगत यस तुलसीपुर उपमहानगरपालिका र सो अर्न्तगतका वडा कार्यालयहरूको सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी विवरणहरू डिजिटाइजेसन कार्य गराउनु पर्ने भएको हुदा सो सम्बन्धी कार्य गर्न मान्यता प्राप्त इच्छुक फर्म, कम्पनीहरूबाट निम्नशर्तहरूको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हानगरिएको छ ।

**तपसिल**

१. दरभाउपत्र फाराम खरिदको लागि तपसिलमा उल्लेखित काम संग सम्बन्धित नवीकरण भएको इजाजतपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म संस्थावा कम्पनी दर्ताको प्रमाणपत्र र आ.व. ०७६/०७७ को कर चुक्ताको प्रतिलिपिपत्रको प्रमाणित प्रमाणपत्र सहित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन सम्म कार्यालय समयमा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी)खरिद गर्न सकिनेछ । दरभाउपत्र सम्बन्धि कागजात यस कार्यालय, तुलसीपुर दाङबाट खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन, दिनको १२:०० बजे भित्र दाखिला गर्ने दरभाउपत्रको प्रत्येक पानामा सही छाप गरी खाम बन्दी गरी खामको वाहिरी भागमा यस कार्यालयलाई सम्बोधन गरी ठेक्का नं, कामको विवरण, दरभाउपत्र दाताको नाम, पत्राचार गर्ने आधिकारिक ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई खाममा सिलबन्दी छाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । यसरी दर्ता हुन आएका दरभाउपत्रहरू सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम श्री मेघा बैक नेपाल लिमिटेड तुलसीपुर दाङ मा यस कार्यालयको नाममा रहेका को धरौटी खाता नं. ग-३-०३८००१००७९१७८मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त 'क'वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र दस्तुर फाराम वापतको तपसिल उल्लेखित अनुसारको मेघा बैंक नेपाल लिमिटेड, तुलसीपुर, दाङ स्थित तुलसीपुर उपमहानगरपालिका कार्यालय दाङको आन्तरिक राजस्व खाता नं. ०३८००१००७९०४३ मा जम्मा गर्नु पर्ने छ ।

६. कालोसुचिमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ ।

७. दरभाउपत्रमा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र भर्दा दररेट स्पष्ट रूपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघि आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

८. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

९. दरभाउपत्रदाताहरूले वढिमा तिनवटा फर्महरूको एक संयुक्तउपक्रम बनाई दरभाउपत्र पेश गर्न सक्नेछन् । तर एक दरभाउपत्रदाताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र दरभाउपत्र पेश गर्न सक्नेछ ।

१० कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११. सूचनामा उल्लेख नभएको कुराहरूकोहकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली,२०६४ र प्रचलित कानून बमोजिम हुनेछन् ।

१२. थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ, साथै यो सुचना तुलसीपुर उपमहानगरपालिकाको वेभसाइट www.tulsipurmun.gov.np बाट समेत डाउनलोड गरी हेर्न सकिन्छ ।

१३. **कामको विवरण निम्नानुसारको छ ।**

| सि. नं. | ठे.नं . | कामको विवरण | ल.ई.रकम (मु.अ.क.बाहेक ) | जमानत रकम | फाराम खरिद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|
| **1.** | TSMC/SQ/02/C/077/078 | Hiring firm for providing services of Vital Event registration Application form | ८,२७,०१०।०० | २३,५००।०० | १,०००।०० | दरभाउ पत्र |

**नि.प्रमुख प्रशासकीय अधिकृत**